# निजगढ नगरपालिका बिद्यालय प्रत्यक्ष शिक्षण सिकाइ संचालन कार्यविधि:२०७७

निजगढ नगरपालिका, बारा।

प्रदेश नम्बर २

प्रमाणिकरण मिति:२०७७/०६/१६

निजगढ नगरपालिका बिद्यालय प्रत्यक्ष शिक्षण सिकाइ क्रियाकलापसञ्चालन कार्यबिधि, २०७७

प्रस्तावना

नेपालको संबिधानको अनुसुची ८ मा माध्यमिक स्तर सम्मको शिक्षण सिकाइको संचालन तथा त्यसको नियन्त्रण स्थानीय तहको दायित्व भनी स्पष्ट उल्लेख भएको र नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको बिधार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ को दफा ३३ को उपदफा(२) मा कुनै क्षेत्र बिशेषमा नियमित बिधालय संचालन हुन सक्ने अबस्था भएमा प्रत्यक्ष शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्न बाधा पर्ने छैन भनि स्पष्ट उल्लेख भए बमोजिम कोरोना भाइरसको संक्रमणलाइ न्यूनिकरण गर्दै बिधालयमा प्रत्यक्ष शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्नको लागि "निजगढ नगरपालिका बिद्यालय प्रत्यक्ष शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन कार्यबिधि, २०७७" जारी गरिएको छ।

परिच्छेद-१

प्रारम्भिकः

१.संक्षिप्त नाम र प्रारम्भः(१) यस कार्यबिधिको नाम "निजगढ नगरपालिका बिद्यालय प्रत्यक्ष शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन कार्यबिधि, २०७७" रहेको छ।

(२)यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ।

२.परिभाषाः बिषय या प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमाः

(क)'ऐन' भन्नाले स्थानिय सरकार संञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ।

(ख)'नगरपालिका' भन्नाले निजगढ नगरपालिका सम्झनु पर्दछ।

(ग) वडा' भन्नाले आवश्यकता अनुसार निजगढ नगरपालिकाको कुनै वा सबै वडा सम्झनु पर्दछ।

(घ) 'बिधार्थी' भन्नाले निजगढ नगरपालिका क्षेत्र भित्रका बिद्यालयमा औपचारिक, अनपचारिक रुपमा अध्ययनरत वा बिधालय जाने उमेरका बिद्यालय बाहिर रहेका बालबालिका लाई सम्झनुपर्दछ।

(ङ) 'बिद्यालय' भन्नाले निजगढ नगरपालिका क्षेत्र भित्रका प्रचलित कानून बमोजिम स्थापना भई संचालनमा आएका सामुदायिक र संस्थागत शैक्षिक संस्थाहरु सम्झनुपर्दछ।सो शब्दले परम्परागत बिद्यालयलाइ समेत जनाउँदछ।

(च) 'शिक्षक' भन्नाले निजगढ नगरपालिका क्षेत्र भित्रका शैक्षिक संस्थाहरु अध्यापक सम्झनुपर्दछ। सो शब्दले प्रधानाध्यापक समेत जनाउँदछ।

(छ) 'प्रत्यक्ष शिक्षण सिकाइ क्रियाकलाप' भन्नाले निश्चित बिद्यार्थी संख्या, सत्र तथा समायान्तरका आधारमा कार्यबिधिले तोकेको मापदण्ड अनुसार कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्ने सम्झनुपर्दछ।

## परिच्छेद-२

### उद्देश्यः

३. उद्देश्यः यस कार्यबिधिको उदेश्य देहाय बमोजिम रहेका छन्।

(क)शिक्षण सिकाइ क्रियाकलापलाई नियमित तथा भयरहित ढंगले संचालन गर्नु।

(ख) निजगढ नगरपालिका भित्र संञ्चालित सामुदायिक तथा संस्थागत शैक्षिक संस्थाहरु नियमित तथा सुरक्षित रुपमा संचालन गर्नु।

(ग) कोरोना भाइरसको जोखिमलाइ न्यूनिकरण गर्दै शैक्षिक संस्थाहरुको शैक्षिक सत्र खेर जान नदिनु।

(घ) बिद्यार्थीहरुको पठनपाठन गर्न पाउने हकलाई सुनिश्चित गर्नु।

(ङ) निर्धारित समयमै पाठ्यक्रमले तोकेको पाठ्यबस्तु पुरा गरी मुल्याकंन गर्नु।

## परिच्छेद-३

### बिद्यालयमा प्रत्यक्ष शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्नु पूर्व अवलम्वन गर्नुपर्ने मापदण्डः

४.बिद्यालय प्रत्यक्ष शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्नु पूर्व अवलम्वन गर्नुपर्ने मापदण्डः निजगढ नगरपालिका भित्र रहेका सामुदायिक तथा संस्थागत बिद्यालयहरुमा प्रत्यक्ष शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु पूर्व अनिवार्य रुपमा देहायबमोजिमको मापदण्डका आधारमा सञ्चालन गर्नुपर्नेछ।

निजगढ नगरपालिका
निजगढ, बारा
२०७३

(क) सबै विद्यालयहरुले विद्यालय व्यवस्थापन समिति, अगुवा अभिभावकको राय र सरोकारवालाहरु संग परामर्श गरी विद्यालय संचालनको प्रतिवद्धता जाहेर गरी आवश्यक कागजपत्र नगरपालिकामा पेश गर्नुपर्नेछ।

(ख) विद्यालय, कक्षाकोठा, वाचनालय, प्रयोगशाला, खानेपानी धारा टयांकी, शौचालय लगायत विद्यालय हाता भित्रको सरसफाइ एवं निर्मलिकरण अनिवार्य रुपमा गर्नुपर्नेछ।

(ग) प्रअ तथा शिक्षकहरुको PCR Test गर्न स्थानीय सरकार सँग समन्वय गर्ने ।

(घ) निजगढ बाहिर रहेका शिक्षक तथा विद्यार्थीहरुले विद्यालयको सम्पर्कमा आएको दिनदेखी दस दिन सम्म होम क्वारेन्टाइनमा बस्नुपर्ने वा हालसालैको पि.सि.आर नेगेटिभ रिपोर्ट पेश गर्नुपर्नेछ।

(ङ) विद्यालयहरुले विद्यार्थीहरुलाइ अनिवार्य रुपमा मास्क लगाएर मात्र अध्ययन गर्नका लागि विद्यालय सम्म आउनुपर्नेछ भनी सूचना जारी गर्नुपर्नेछ र यदि विद्यार्थीहरु कारणबश मास्क नलगाई विद्यालयमा आएमा विद्यालय स्वयंले मास्क उपलब्ध गराइ कक्षाकोठामा प्रवेश गराउनुपर्नेछ। पहिलो चरणका लागि नगरपालिकाले सो को व्यवस्था गर्नेछ ।

(च) विद्यालयहरुले अनिवार्य रुपमा थर्मल गनको व्यवस्था गरी अध्ययन गर्नआएका विद्यार्थीहरुको थर्मल गनको प्रयोग गरी अनिवार्य रुपमा तापक्रमजाँच गरे पश्चात मात्र सेवा प्रदान गर्नुपर्नेछ। पहिलो चरणका नगरपालिकाले सो को व्यवस्था गर्नेछ ।

(छ) विद्यालयहरुले अनिवार्य रुपमा स्यानिटाइजर र साबुन पानीले हात धुने व्यबस्था मिलाउनु पर्नेछ।

(ज) विद्यालयहरुले आकस्मिक सेवा प्रदान गर्नको लागि विद्यालय हाता भित्र प्राथामिक उपचारको व्यबस्था मिलाउनुपर्नेछ।

(झ)विद्यालयहरुले संचालन गर्ने कक्षा, विद्यार्थी संख्या, शिक्षक, बिषय र समयतालिका विद्यालय संचालन पूर्व विद्यार्थी तथा अभिभाबकहरुलाई अनिवार्य रुपमा जानकारी गराउनुपर्नेछ।सो को जानकारी सम्बन्धित कार्यालयमा पनि दिनुपर्नेछ ।

(ञ) विद्यालयहरुले दिनदिनै शौचालय निर्मलिकरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(ट) विद्यालय सञ्चालन गर्नु पूर्व यस कार्यविधिमा भएको मापदण्ड अनुसारको पूर्व तयारी भएपछि मात्र नगरपालिकाबाट अनुमति दिने व्यवस्था मिलाइने छ ।

सुरेशकुमार खनाल
नगर प्रमुख

परिच्छेद-४

## बिद्यालयमा प्रत्यक्ष शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्दा अवलम्वन गर्नपर्ने मापदण्डः

### ४.बिद्यालय प्रत्यक्ष शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्दा अवलम्वन गर्नपर्ने मापदण्डः

(क) बिद्यार्थीहरुले बिद्यालय हाता भित्र प्रवेश गर्नु पूर्व अनिवार्य रुपमा थर्मल गन प्रयोग गरी बिद्यार्थी, शिक्षक, कर्मचारीहरु, अभिभावक तथा बिद्यालय प्रवेश गर्ने जो सुकै व्यक्तीहरुलाई तापक्रम जाँच गरी मात्र प्रवेश गराउनुपर्नेछ।

(ख) बिद्यालय प्रवेश गर्ने सबै बिद्यार्थी, शिक्षक, कर्मचारीहरु, अभिभावक तथा बिद्यालय प्रवेश गर्ने जो सुकै व्यक्तिहरुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्नुपर्नेछ।

(ग) बिद्यालयले कक्षामा प्रत्यक्ष पठनपाठन गर्दा मापदण्डमा रही कक्षाकोठामा राख्ने बिद्यार्थी संख्या, पढाउने समयतालिका, बिद्यालय स्वयंले निर्धारण गर्नुपर्नेछ।

(घ) बिद्यालयहरुले बिभिन्न सत्रमा कक्षा संचालन गर्दा कम्तिमा आधाघण्टाको अन्तराल कायम गर्नुपर्नेछ।

(ङ) बिद्यालयहरुले बिद्यार्थीहरु बिद्यालय हाता भित्र प्रवेश गर्दा र पठनपाठनको कार्य सकी बिद्यालयबाट बाहिरिंदाअनिवार्य रुपमा भौतिक दुरी कायम गराउनुपर्नेछ।

(च) प्रत्येक बिद्यालयले कम्तिमा एक- एक हप्तामा निर्मलिकरण गराउनुपर्नेछ।

(छ) कक्षा संचालन हुँदा एक बेन्चमा बढीमा दुई बिद्यार्थी मात्र राख्नु पर्नेछ ।

(ज) आवश्यकता र परिस्थिति अनुसार माथिल्लो तहको निकायले दिएको निर्देशनको अनिवार्य रुपमा पालना गर्नुपर्नेछ।

(झ) बिद्यालयले पाठ्यक्रमलाइ मध्यनजर गर्दै विदाको दिन पनि पठनपाठन संचालन गर्न सक्नेछन।

(ञ) अभिभावकले बिद्यालयबाट बिद्यार्थी फर्किसकेपछी सो को हरेक कृयाकलापको अनिवार्य रुपमा निगरानी गर्नुपर्नेछ ।

बिद्यालयहरु संचालन गर्दा देहायबमोजिमका कार्यहरु गर्न गराउन पाइने छैन।

१ बिद्यालय हाता भित्र प्रार्थना सभा, भिडभाड हुने खालका कार्यक्रम, खेलकुदका कार्यहरु तथा

एकै ठाउँमा जम्मा भई गरिने कुनै पनि गतिबिधिहरु गराउन पाइने छैन।

१ बिद्यार्थीहरुलाई खाजा घरबाट ल्याउनको लागि सूचना जारी गर्नुपर्नेछ र कोरोना भाइरसको संक्रमण फैलिने जोखिम भएकोले विद्यालयमा रहेका चमेना गृह संचालन गर्न पाइने छैन।

२ बिद्यार्थिहरु एकै ठाउँमा जम्मा भई भिडभाडको स्थिति सिर्जना हुने भएकोले बिद्यालयहरुले मध्यान्तर गराउन पाइने छैन।

३ बिद्यार्थीहरुले शौचालयको प्रयोग गर्दा भिडभाड नगराई पालै पालो प्रयोग गर्ने उचित व्यबस्था बिद्यालयले मिलाउनुपर्नेछ।

४ हालको परिस्थितिको गाम्भीर्यतालाई ध्यानमा राखि बिद्यालयहरुले निजगढ नगरपालिका बाहेक अन्य क्षेत्रमा स्कुल बसको प्रयोग गर्न पाउने छैनन् र दुई सिट एक विद्यार्थी नीति अवलम्वन गर्नु पर्नेछ ।

५ बिद्यालयहरुले परिस्थिति सहज नभइन्जेल कोचिङ, ट्युसन तथा अतिरिक्त कक्षाहरु संचालनको लागि नगरपालिकासँग समन्वय गर्नुपर्नेछ ।

(क) यस कार्यविधिको दफा '४' मा उल्लेख गरिएका व्यबस्थाहरु कार्यन्वयन भए नभएको नियमित रुपमा अनुगमन गर्न नगरप्रमुखको संयोजकत्वमा अधिकृतस्तरको कर्मचारी सहित देहायबमोजिमको एक अनुगमन समिति रहनेछ र त्यस समितिले यस कार्यविधिमा उल्लेखित कुनै पनि दफाको उल्लंघन गरेको पाएमा तत्काले आवश्यक कारवाई गर्न सक्नेछ।

अनुगमन समितिको गठन:

१. नगर प्रमुख

२. शिक्षा शाखा प्रमुख, १ जना

३. सामुदायिक बिद्यालयको प्रधानाध्यापक प्रतिनिधि-१

४. संस्थागत बिद्यालयको प्रधानाध्यापक प्रतिनिधि-१

५. स्वास्थ्य शाखाका कर्मचारी-१

६. सम्बन्धित वडाको वडा अध्यक्ष-१

७. कोरोना भाइरस अनुगमन तथा विपद व्यबस्थापन समितिका सदस्य- २ जना

८. प्रमुखले मनोनित गर्ने - १ जना

## परिच्छेद- ५

## कार्यविधि संशोधन

क. यस कार्यविधिको कुनै पनि दफा तथा उपदफा समायानुसार संशोधन गर्नुपर्ने आवश्यकता देखिएमा यथासम्भव सम्बन्धित पक्षहरु संग छलफल गरी यस नगरपालिका प्रमुखले निर्णय गर्ने गरी यस कार्यविधिको कुनै पनि दफा तथा उपदफामा आवश्यक संशोधन वा हेरफेर गर्न सक्नेछ।

१. उपदफा (क) मा जे सुकै कुरा लेखिएको भएता पनि यस नगरपालिका भित्र संचालनमा रहेका कुनै पनि बिद्यालयमा पठनपाठन गर्ने तथा कामकाज गर्ने शिक्षक, कर्मचारी, बिद्यार्थीहरु तथा परिवारको अन्य सदस्यहरुमा कोरोना भाइरसको संक्रमण देखिएर बिद्यालय संचालन गर्न सक्ने स्थिति नदेखिएमा नगरपालिकाले त्यस्ता बिद्यालय वा सम्पूर्ण विद्यलयहरु संक्रमणको प्रकृति हेरी पठनपाठन तुरुन्त बन्द गर्नेछ र प्रत्यक्ष पठनपाठन बन्द भएका बिद्यालयहरुमा बिद्यार्थी सिकाइ सहजिकरण निर्देशिका, २०७७ बमजिम वैकल्पिक शिक्षण प्रणालीबाट संचालन गर्नुपर्नेछ।

## परिच्छेद-६

## विविध

१. कार्यविधि लागु हुने: (क) यस कार्यविधिमा अन्यन्त्र जुनसयकै कुरा लेखिएको भएता पनि प्रचलित ऐन कानून स्पष्ट उल्लेख भएको व्यबस्था र प्राबधानहरुको हकमा सोही बमोजिम हुनेछ।

(ख) यो कार्यविधि नगरपालिकाको नगर कार्यपालिकाबाट स्वीकृत भई प्रमुखबाट प्रमाणिकरण हस्ताक्षर भए पश्चात लागू हुनेछ।